# दैनिक प्राविधिक न्यूजलेटर

MERO LAGANI
For the Investor...

मितिः २०८० मंसिर १८ गते

## BUY AT SUPPORT (1,810 – 1,840)

लेखक : मेरो लगानी प्राविधिक विश्लेषक टोली

**दैनिक अपडेट :** नेप्से परिसूचक गत आइतवार(मंसिर १७ गते) ७.२९ (०.३९%) अंक घटेर १,८५१.२३ विन्दुमा बन्द भएको छ । पछिल्ला कारोबार दिन अध्ययन गर्दा नेप्से परिसूचकले आजको बजारमा १,९२०.०० विन्दु नजिक प्रतिरोधको सामना गर्न सक्ने देखिएको छ भने १,८४०.०० विन्दु नजिक टेवा पाउन सक्ने देखिन्छ ।




**दैनिक मैनबत्ती चित्र: नेप्से परिसूचक**

प्राविधिक रूपमा दैनिक मैनबत्ती चित्र हेर्दा गत कारोबार दिनको बजारले वियरिश प्रवृत्तिको ह्याम्मर बनाएको छ । पछिल्लो कारोबार दिन घट्दो प्रवृत्तिमा रहेको बजारमा यस्तो मैनबत्तीले सम्भावित रूपमा बजारले रिभर्सल नीति लिन सक्ने संकेत गर्छ । यद्यपि बजारले १,८४० नजिकको विन्दुबाट टेवा पाउँदै सकारात्मक लय समात्ने देखिन्छ ।

हालको बजारमा ५ दिने औसत रेखा र २० दिने औसत रेखाहरू एकआपसमा काटिएका छन् । हालको बजार बोलिङ्गर व्याण्डको मध्य व्याण्डभन्दा तल कायम छ । एमएसिडी रेखा र सिग्नल एकआपसमा टाढा छन् भने हिस्टोग्राम सकारात्मक तर्फ छ । यद्यपि सुपरट्रेण्ड सूचकमा १ घण्टे समयावधि हेर्दा भने बिक्रीका लागि संकेत देखिन्छ । १४ दिने आरएसआई स्केल हेर्दा बजार ४२.३७ स्केलमा रहेको छ । जसले बजार न्युट्रल जोनमा रहेको संकेत गर्छ।